# विद्युत नियमन आयोग, नेपाल

## विद्युत खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धी विनियमावली, २०७६

## सरोकारवालाहरुबाट प्राप्त राय, सुझाव सम्बन्धमा आयोगको निष्कर्ष

**मिति २०७६/०३/३० मा बसेको विद्युत नियमन आयोगको १५ औं बैठकले "विद्युत नियमन आयोगबाट सम्पादन गर्नुपर्ने कार्य सम्बन्धि निर्देशिका (मस्यौदा)" मा सरोकारवालाहरुसँग राय, सुझाव, प्रतिक्रिया माग गर्ने निर्णय भएकोमा सरोकारवालाहरुबाट राय, सुझाव, प्रतिक्रिया प्राप्त भए पश्चात आयोगले "विद्युत खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धी विनियमावली, २०७६" जारी गर्दा पेश भएको राय, सुझाव, प्रतिक्रिया उपर आयोगको प्रतिक्रिया तथा दृष्टिकोण निम्न बमोजिम रहेको छ।**

**(क) आयोग समक्ष राय तथा सुझाव पेश गर्ने व्यक्ति तथा संस्थाहरुको नामावली**

| क. सं. | व्यक्ति/संस्था |
|---|---|
| १. | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| २. | नेपाल धितोपत्र बोर्ड |
| ३. | नेपाल विद्युत प्राधिकरण |
| ४. | स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल |
| ५. | विश्व बैंक |
| ६. | एशियाली विकास बैंक |
| ७. | नेपाल रिन्युएबल इनर्जी प्रोग्राम |
| ८. | प्युर इनर्जी प्रा. लि. |
| ९. | बुटवल पावर कम्पनी लिमिटेड |
| १०. | मिलारेप इनर्जी प्रा. लि. |
| ११. | इसुवा इनर्जी प्रा. लि. |
| १२. | विष्ट हाइड्रोपावर प्रा. लि. |
| १३. | सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ- नेपाल |
| १४. | सूर्य अधिकारी |
| १५. | एसएआर एड्भाइजर प्रा. लि. |
| १६. | हेप्पी इनर्जी लिमिटेड |

## (ख) राय, सुझाबको सारांश तथा आयोगको प्रतिक्रिया

| क्र. सं. | सम्बन्धित विनियम | विषय सारांशमा | आयोगको प्रतिक्रिया तथा दृष्टिकोण |
|---|---|---|---|
| १. | विनियमको शिर्षक | विद्युत नियमन आयोग ऐन, २०७४ बमोजिम प्राप्त विनियम, निर्देशिका, मापदण्ड, सहिता लागु गर्ने अधिकार सम्बन्धमा | ▪ आयोगले ऐनको दफा ४२ तथा ४३ मा रहेको प्रत्यायोजित व्यवस्थापन सँग सम्बन्धित प्रावधान बमोजिम विनियम, निर्देशिका, मापदण्ड वा संहिता बनाउन सक्ने।<br>▪ "विद्युत खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धी विनियमावली, २०७६" मा आयोगको कार्य संचालनसँग सम्बन्धित विद्युत खरीद बिक्रि दर निर्धारण तथा विद्युत खरिद बिक्रि सम्झौताको सहमति, अनुमतिपत्र प्राप्त व्यक्तिको प्राविधिक व्यवस्थापन नियमन गर्ने बिषयजस्ता समग्र विषय समेटिएकाले तथा आयोगमा ऐनको दुवै दफा ४२ वा ४३ अनुसार प्रत्यायोजित विधेयकको अधिकार प्राप्त भएकोले विनियमावलीको रुपमा यो विनियम जारी गरिएको। |
| २. | विनियमको शिर्षक | विनियम/निर्देशिका को शिर्षक "विद्युत नियमन आयोगबाट सम्पादन गर्नुपर्ने कार्य" परिमार्जन गरिनुपर्ने विषय | ▪ "विद्युत खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धी विनियमावली, २०७६" मा समावेश भएको विषय तथा आयोगले नियमन गर्नुपर्ने कार्य लाई प्रतिबिम्बित गर्ने शिर्षक राखिएको। |
| ३. | विनियमको क्षेत्र | विनियममा समावेश गर्ने मुख्य विषयहरुको सम्बन्धमा | ▪ आयोगले ऐनले परिकल्पना गरेको कार्यक्षेत्रको विषयमा क्रमिक रुपमा विनियम, निर्देशिका, मापदण्ड, सहिता बनाउँदै जाने र अहिले शुरुवातमा आयोगले प्राथिमिकता साथ नियमन गर्नुपर्ने विषयलाई मात्र सामावेश गरिएको।<br>▪ विवाद समाधान, अन्तरिक कार्य संचालन जस्ता विषयमा छुट्टा-छुट्टै विनियम तर्जुमा आयोगले गरिरहेको साथै उपभोक्ता हित संरक्षण, उपभोक्ता महसुल निर्धारण, संस्थागत सुशासन जस्ता विषयमा चाहिने नियमनकारी व्यवस्थाको समेत तर्जुमा आयोगमा भइरहेको। |
| ४. | विनियम ३ | विद्युत खरिद तथा प्रक्षेपणको अवधिको तीन वर्ष उचित नहुने विषय | ▪ वर्तमान विद्युतको बजार अवस्थालाई मध्यनजर गर्दा वितरण अनुमति प्राप्त व्यक्तिले तीन वर्षको विद्युतको माग तथा उपलब्ध हुने विद्युतको प्रक्षेपण गर्न मनासिव देखिएकोले तीन (३) वर्षको प्रक्षेपणको प्रावधान राखिएको। |
| ५. | विनियम ६ | आयोग गठन हुनु पूर्व सम्पन्न भएका विद्युत खरिद सम्झौतालाई वैधता प्रदान गरिनु पर्ने विषय | ▪ आयोग गठन हुनु पूर्व सम्पन्न भएका विद्युत खरिद सम्झौता र पूर्वमा गरिएका विद्युत खरिद बिक्रि दरलाई कायम राखी आयोग गठन पश्चात सम्पन्न हुने विद्युत खरिद बिक्रि सम्झौता र विद्युत खरिद बिक्रि दरको हकमा विनियमावली बमोजिमको प्रावधान अनुसार विद्युत खरिद बिक्रि दर निर्धारण गरी विद्युत खरिद बिक्रि सम्झौतामा सहमति प्रदान गरिने।<br>▪ "ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धि अवधारणा पत्र २०७२" अनुसारको व्यवस्था अनुरुप १० मेगावाट सम्मको जलविद्युत |

| क्र. सं. | सम्बन्धित विनियम | विषय सारांशमा | आयोगको प्रतिक्रिया तथा दृष्टिकोण |
|---|---|---|---|
| | | | आयोजनाको हकमा यसै विनियमावलीको प्रावधान आकृष्ट गराउन उचित भएकोले अनुसूची ५ को प्रकरण ४ को (घ) बमोजिम हाल संचालनमा रहेका जलविद्युत आयोजनाको हकमा यस विनियम कार्यान्वनमा आए पश्चात लागू गरिने। |
| ६. | विनियम ७ | विद्युत खरिद सम्झौताको स्वीकृतिको सरलीकरण गरिनु पर्ने विषय | ▪ विद्युत खरिद सम्झौताको स्वीकृतिको सरलीकरणको लागि विद्युत खरिदकर्ताले बुझाउनु पर्ने निवेदनको ढाँचा तथा आवश्यक कागजात प्रष्ट रुपमा अनुसूचीमा व्यवस्था भएको तथा विद्युत खरिदकर्ताले सम्झौताको अन्तिम मस्यौदा पेश गर्नुपर्ने अवधि तथा आयोगले स्विकृति प्रदान गर्नुपर्ने अवधि समेत किटानी सहित तोकिएको। |
| ७. | विनियम ८ | विद्युत खरिद बिक्रि दरको निर्धारण गर्दा अहिले नेपाल सरकार, उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयले अवलम्बन गरेको नीतिलाई आधार लिनुपर्ने विषय | ▪ आयोगबाट विद्युत खरिद बिक्रि दर निर्धारण गर्ने प्रयोजनको लागि आवश्यक मापदण्ड बनाई लागु नगरेसम्मको लागि नेपाल सरकार, उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयले मिति २०७४-०१-२२ मा जलविद्युत आयोजनाको सम्बन्धमा नेपाल विद्युत प्राधिकरणलाई कार्यान्वयनका लागि सिफारिस गरेको विद्युत खरिद बिक्री दरलाई नै कायम राख्न उचित देखिएको।<br>▪ त्यसैगरी आयोगबाट विद्युत खरिद बिक्रि दर निर्धारण गर्ने प्रयोजनको लागि आवश्यक मापदण्ड बनाई लागु नगरे सम्म नेपाल सरकार, उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयले मिति २०७४-१०-२४ मा स्वीकृत गरेको ग्रीड कनेक्टेड वैकल्पिक विद्युत उर्जा विकास सम्बन्धि कार्यविधि, २०७४ मा तोकिएको विद्युत खरिद बिक्री दरलाई नै कायम राख्न उचित देखिएको। |
| ८. | विनियम १२ | क्यास्केड आयोजना अन्तर्गत तल्लो तटीय ROR आयोजनालाई गरिनु पर्ने व्यवहारको विषय | क्यास्केड (CASCADE), रन अफ द रिभर (ROR) आयोजनाले PROR वा STORAGE आयोजनाको पानी प्रयोग गरी उत्पादन गर्ने समय तालिका अनुसार नै उत्पादन गर्दा त्यस्तो रन अफ द रिभर (ROR) आयोजनालाई PROR कै सरह वर्गीकरण गर्न उचित देखिएको तर थप पूर्वाधार संरचनाको लागि पुँजीगत लगानी आवश्यक नदेखिएकोले विद्युत खरिद बिक्रि दर भने RoR बमोजिम कायम गरिएको |
| ९. | विनियम १३ | उपभोक्ता महशुल दरको निर्धारणसँग सम्बन्धित विषय | आयोगले उपभोक्ताले बुझाउने महशुल दर निर्धारण सम्बन्धि निर्देशिका जारी नगरे सम्म हाल कायम रहेको उपभोक्ता महशुल दरलाई नै निरन्तरता दिन उचित रहेको। |
| १०. | विनियम २० | अनुमति प्राप्त व्यक्तिले कायम गर्नुपर्ने वित्तिय विवरणसँग सम्बन्धित विषय | उपभोक्ता महशुल दर निर्धारण लगायतका विषयको लागि छुट्टाछुट्टै प्रकृतिका कार्यक्षेत्रको वित्तिय विवरण अत्यावश्यक हुने हुँदा एक भन्दा बढी प्रकृतिको विद्युत कार्य क्षेत्र सम्बन्धि अनुमति प्राप्त व्यक्तिले कार्य प्रकृति अनुसारको लेखापरिक्षण प्रतिवेदन पेश गर्न तत्काल सम्भावना नभएपनि छुट्टाछुट्टै वित्तिय विवरण कायम गर्न सम्भव हुने भएकोले। |

| क्र. सं. | सम्बन्धित विनियम | विषय सारांशमा | आयोगको प्रतिक्रिया तथा दृष्टिकोण |
|---|---|---|---|
| ११. | विनियम २२ | अनुमति प्राप्त व्यक्तिले आयोग समक्ष बुझाउनुपर्ने वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने अवधिसँग सम्बन्धित विषय | विद्युत नियमन आयोग ऐनको दफा ३८ को उपदफा (४) मा व्यवस्था भए बमोजिम अनुमति प्राप्त व्यक्तिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र लेखा परीक्षणको प्रतिवेदन सहित आफूले गरेको काम कारबाही सम्बन्धी प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्नु पर्ने तोकिएको हुँदा सोही अवधि व्यवस्था गरिएको। |
| १२. | विनियम २(झ) | बिद्युत खरिद सम्झौताको संशोधनको स्वीकृति सम्बन्धमा | बिद्युत नियमन आयोग ऐन २०७४ तथा विद्युत नियमन आयोग नियमावली २०७५ मा प्रष्ट रुपमा "बिद्युत खरिद सम्झौताको सहमति प्रदान आयोगले गर्नेछ" भन्ने प्रावधान रहेको र उक्त प्रावधानले संशोधनको विषय समेत समेट्ने भएकोले कुनै किसिमको संशोधनलाई आयोगले हेर्ने तथा कुनै किसिमको संशोधनलाई नहेर्ने भन्ने नहुने भएकाले बिद्युत खरिद सम्झौताको संशोधन समेतको सहमति आयोगबाट लिनुपर्ने तर आयोगले संसोधनको प्रक्रियालाई सरलीकरण गर्ने। |
| १३. | विनियम ८(३) | Viability Gap Funding प्राप्त विद्युत परियोजना सम्बन्धमा | आयोगले नियमकीय लेखा (Regulatory Accounting) को सिद्धान्तको आधारमा हेर्दा वितरण अनुमति प्राप्त व्यक्तिले खरिद गरेको मूल्यले बिद्युत महशुलमा असर पर्ने भएकाले जहाँबाट वा जुनसुकै तरिकाबाट Viability Gap Funding प्राप्त भएतापनि वितरण अनुमति प्राप्त व्यक्तिको लागि खुद पर्ने मूल्य रु. ७.३० भन्दा बढि हुनु हुदैन। तर Viability Gap को दर प्रतिस्पर्धा बाट निक्यौंल हुने भएकोले सम्पूर्ण कागजात हेरी Viability Gap को दर स्वीकृत गरिने र सो सम्बन्धि प्राबधान सम्बन्धित Viability Gap Funding प्रदान गर्ने निकाय संग भएको सम्झौता अनुसार हुने। |
| १४. | | आयोगको नियमनकारी काम, कर्तव्य र अधिकार सम्बन्धमा | आयोग स्थापनाको पृष्ठभूमि तथा बिद्युत नियमन आयोग ऐन, २०७४ को बिभिन्न दफाहरुले विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारलाई सरल, नियमित, व्यवस्थित तथा पारदर्शी बनाई विद्युतको माग र आपूर्तिमा सन्तुलन कायम राख्न, विद्युत महसुल नियमन गर्न, विद्युत उपभोक्ताको हक र हित संरक्षण गर्न, विद्युतको बजारलाई प्रतिस्पर्धात्मक बनाउन तथा विद्युत सेवालाई भरपर्दो, सर्वसुलभ, गुणस्तरयुक्त तथा सुरक्षित बनाउन विद्युत नियमन आयोग एक महत्वपूर्ण निकाय भएको र संस्थागत शुसासन कायम गराउनु एक प्रमुख कार्य रहेकाले कुनै पनि किसिमका संस्थागत सुशासन सम्बन्धि विषयहरु आयोगले नियमन गर्न सक्ने। |